**जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपाल**
हुलाक मन्जुषा २१२५, न्यूप्लाजा मार्ग, पुतलीसडक, काठमाडौँ ।
फोन: ४४२९७४१ फ्याक्स: ४४१९६१०
इमेल: wafed@ntc.net.np;
वेवसाइट: www.wafed-nepal.org

२०६४ माघ २२ गते (०५ फ्रेवुअरी २००८)

प्रेस विज्ञप्ति

**अरुण ३ तथा माथिल्लो कर्णाली आयोजनासम्बन्धी सरकारको पछिल्लो निर्णयप्रति आपत्ति !**

भर्खरै मात्र नेपाल सरकारले माथिल्लो कर्णाली जलविद्युत् परियोजना भारतीय कम्पनी जीएमआरलाई दिने भनि निर्णय भैसकेको र अरूण ३ जलविद्युत् परियोजना पनि अर्को भारतीय कम्पनी सतलज जलविद्युत् निगमलाई निर्माण गर्न दिने गरी तयारी भएको सम्बन्धमा यस महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

देश यतिबेला संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको र पुरानो राज्यव्यवस्था नयाँ पुनसंरचना एवं परिवर्तनको पर्खाइमा रहेको तथा जनआन्दोलन २०६२-६३ पछि जनताले ऐतिहासिक संविधानसभाको निर्वाचन, गणतन्त्रको स्थापना र स्थायी शान्ति कायम गर्ने जिम्मा मात्र पाएको अन्तरिम सरकारले व्यापक, दीर्घकालीन र गम्भीर प्रकृतिका तथा विगतदेखि नै विवाद भ्रेन्दै आएका अरुण ३ तथा माथिल्लो कर्णाली आयोजनाहरू आमराजनीतिक दलहरूको सहमति, स्थानीय बासिन्दाको स्वीकृती तथा संघीय शासनप्रणालीमा जाने भन्ने संविधान तथा सरकारले गरको पछिल्लो निर्णयविपरीत राज्य पुर्नसरचना पूर्व नै विदेशी कम्पनीलाई केही बिजुली पाउने नाममा दिन लागेको भन्ने निर्णयप्रति यो महासंघ गम्भीर आपत्ति प्रकट गर्दछ ।

दीर्घकालीन, गम्भीर र व्यापक असर पार्ने माथिल्लो कर्णाली तथा अरुण ३ मा नेपालले पाउने भनी भनिएको केही प्रतिशत ऊर्जा तथा शेयरले नेपाल र नेपालीको विकासमा कुनै योगदान गर्न सक्दैन । कथित निशुल्क उर्जा तथा निशुल्क शेयरले भन्दा माथिल्लो तामाकोशी जलविद्युत् परियोजनाको अवधारणाअनुसार स्वदेशी पूजीँलाई प्राथमिकता तथा स्थानीय जनतालाई शेयर लगायतको कुरामा हिस्सेदार बनाइएमा ऊर्जा बेचेर धनीहुने भन्दा छिटो र सजिलो गरी आर्थिक सवलता भई नेपाल र नेपाली धनी हुने तथा विकास हुने कुरामा निश्चिन्त हुनु जरूरी छ ।

विकासका वाहक जनता हुन् । जनतासँगको व्यापक छलफल र सहमति विना जनजिविका, विकास तथा मानवअधिकारसँग प्रत्यक्ष सरोकार राख्ने प्राकृतिक स्रोत साधनलाई संसदमा समेत छलफल नगरी सरकारलाई एकालौटी निर्णय गरी आफुखुशी बेच विखन गर्ने अधिकार छैन । यी दुवै आयोजनाको प्रकृति स्रोतको बाँडफाँड भएको र दीर्घकालीन असरसमेत हुने हुनाले संविधानको धारा १५६ अनुसार संसदमासमेत छलफल नगरी अनुमोदन नगराई गरिएको यी कथित सम्झौता तुरून्त खारेज गरिनु पर्दछ ।

नयाँ नेपालको निर्माणका तथा सम्वृद्धिको आधार रहेको जलसम्पदा आमनेपाली जनताको प्रत्यक्ष अभिमत नभएको र कुनै पनि दीर्घकालीन आयोजनासम्बन्धमा निर्णयगर्ने हैसियत नभएकोले वर्तमान कामचलाउन अन्तरिम सरकारले एकपछि अर्को गर्दै संक्रमणकालीन अवस्थामै अरुण ३ तथा माथिल्लो कर्णालीजस्ता आयोजनाहरू विदेशी कम्पनीहरूलाई दिने भन्ने निर्णय उही कोशी, गण्डक र महाकालीको पुनरावृति मात्र भएकोले सचेत आमनेपाली जनताहरूले यस सरकारी निर्णयका विरुद्ध आवाज उठाउनसमेत यो महासंघ हार्दिक अनुरोध गर्दछ ।

रामचन्द्र चटौत
अध्यक्ष